## बीमाङ्कमा छुट

| | |
|---|---|
| रु. २,००,००० देखि २९९,९९९ सम्म | रु. १ प्रति हजार |
| रु. ३,००,००० र सोभन्दा माथि | रु. २ प्रति हजार |

## बीमाशुल्कमा छुट तथा थप

| | |
|---|---|
| वार्षिक | २ प्रतिशत |
| अर्धवार्षिक | १ प्रतिशत |
| त्रैमासिक | छैन |
| मासिक | ५ प्रतिशत थप |

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुको मार्गदर्शन को लागि मात्र हो। माथि उल्लेखित शर्त तथा सुविधाहरुमा फरक परेमा बीमालेख बमोजिम हुनेछ। साथै उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा बीमा प्राधिकरण (नियमनकारी निकाय) द्वारा जारी ,निर्देशित तथा शंसोधित व्यवस्था तथा बीमा ऐन बमोजिम हुने हुनाले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।

### हामीसँग जोडिनुहोस्

**प्रधान कार्यालय**


: ०१ ४५३६१२६ : ९८०१२३४४४४
: info@snlic.com : sunlife.com.np
: सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं




# सन नेपाल
## लाइफ इन्स्योरेन्स कं. लि.

SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि



सन लाइफ
# नवीन आजीवन
### जीवन बीमा

**चिन्तामुक्त भविष्यको नविन सुरुवात**
**आर्थिक सुरक्षा संगै जीवन भरको साथ**


:01-4536126 : 9801234444
: sunlife.com.np : info@snlic.com

# सन लाइफ नविन  आजीवन जीवन बीमा (Whole Life With Endowment Plan)

## प्रमुख विशेषता

नविन आजीवन बीमा मुनाफामा  सरिक हुने सावधिक र आजीवन बीमा (Endowment Cum Whole life) योजनाको समिश्रण भएको  बीमा योजना हो। यो योजनामा  चालु बीमालेख  अन्तर्गत बीमितलाई बीमा अवधि समाप्तिमा आर्जित बोनस सहितको एकमुष्ठ  बीमाङ्क रकम भुक्तानी  गर्नुको  साथै बीमितको उमेर १०० वर्ष पुग्नु अगावै मृत्यु भएमा निजको हकवालालाइ वा बिमित १०० वर्षको उमेर सम्म बाँचेमा स्वयंलाई पुन: पूर्ण बीमाङ्क रकम भुक्तानी गरिनेछ।

यसरी बीमा समाप्ति र बीमा समाप्ति पछि पनि गरी एउटै बीमालेख बाट दुई पटक बीमाङ्क रकम भुक्तान गर्नु यो योजनाको मुख्य विशेषता हो।

## योजना छनौट गर्दा चाहिने योग्यताहरु:

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| प्रवेश उमेर | १६ वर्ष | ६५ वर्ष |
| ऐच्छिक सुविधा(ADB/PTD) प्रवेश उमेर | १६ वर्ष | ६५ वर्ष |
| बीमा अवधि | ५ वर्ष | ५९ वर्ष |
| बीमा समाप्तिमा उमेर | ७० वर्ष | |
| बीमाङ्क रकम | रु १००,०००/- | आम्दानीको आधारमा |
| बीमा शुल्क भुक्तानि तरिका | वार्षिक, अर्धवार्षिक , त्रैमासिक र मासिक | |
| समर्पण तथा ऋण सुविधा | उपलब्ध हुने | |

## योजनाका प्रमुख सेवा सुविधाहरु

### आजीवन सुरक्षा (Lifetime Protection)

यस बीमालेख अन्तर्गत तिर्नुपर्ने सम्पूर्ण बीमाशुल्क भुक्तानी गरी पुर्णावधी भुक्तानी लिएपछि बीमितको उमेर १०० वर्ष पुग्नु अगावैमृत्यु भएमा वा बीमितको उमेर १०० वर्ष पुगेमा (जुन घटना पहिले घट्छ ) थप बीमाङ्क रकम भुक्तानी दिइने छ।

### बीमा अवधि समाप्ति भुक्तानी (Maturity Benefit)

यदि बीमितले सम्पूर्ण बीमाशुल्क रकम भुक्तान गरी बीमा अवधि समाप्ति मिति सम्म जीवित रहेमा बीमालेखमा उल्लेखित पूर्ण बीमाङ्क रकम र नियमानुसारको आर्जित बोनस रकम बीमितलाई भुक्तानी दिइने छ।



### मृत्यु बापत भुक्तानी (Death Benefit)

बीमा समाप्त हुने मिति अगावै बीमितको मृत्यु भएमा बीमाङ्क रकम र नियमानुसारको आर्जित बोनस रकम भुक्तानी दिइने छ। यस्तो रकम आर्जन गर्न नियमित बीमाशुल्क भुक्तानी गर्नुपर्ने छ। साथै  यस बीमालेख अन्तर्गत तिर्नुपर्ने सम्पूर्ण बीमाशुल्क भुक्तानी गरी पूर्णावधी भुक्तानी लिइसकेपछि बीमितको उमेर १०० वर्ष पुग्नु अगावै मृत्यु भएमा पुन:  बीमाङ्क रकम मात्र थप भुक्तानी दिइने छ।

## अतिरिक्त लाभहरु:

### दुर्घटना मृत्यु, स्थायी अशक्त तथा बीमाशुल्क छुट सुविधा (ADB/PTD/PWB)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत स्थायी पूर्ण अशक्तता सुविधा लाभ लिन सकिनेछ। यो सुविधा अन्तर्गत बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणले बीमितको मृत्यु भएमा दुर्घटना मृत्यु लाभ बापतको बीमाङ्क रकम (अधिकतम रु ५० लाख) सम्म प्रदान गरिनेछ। साथै बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणबाट बीमित पूर्ण रुपमा स्थायी अशक्त भएको प्रमाणित भएमा उक्त मिति पछिको बीमाशुल्क तिर्नु नपर्ने गरी बीमाशुल्क छुट प्रदान गरिनेछ। स्थायी अशक्तता तथा बीमाशुल्क सुविधा बापतको बीमाङ्क रकमलाई १२० किस्तामा भाग गरी मासिक रुपमा कम्पनीले प्रदान गर्नेछ।

### घातक रोग सुबिधा (CI)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत १८ प्रकारका घातक रोग सम्बन्धी उपचार खर्च सुविधा लिन सकिनेछ। बीमालेख चालु अवस्थामा रही घातक रोग बापत अतिरिक्त शुल्क भुक्तानी गरेको अवस्थामा बीमितलाई सुचिकृत १८ प्रकारका घातक रोगहरु लागेका निरुपण (Diagnosis) भएमा अधिकतम रु. ५० लाखमा नबढ्ने गरी घातक रोग बापतको बीमाङ्क रकम उपचार खर्च बापत प्रदान गरिनेछ । घातक रोगमा उपचार खर्चको लागि कुनै मेडिकल बिल समावेश गर्नु पर्ने हुँदैन।

### किरिया खर्च सुविधा (FE Rider)

कम्पनीले निर्धारण गरेको अतिरिक्त बीमाशुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत Funeral Expense पुरक करार सुविधा लिन सकिनेछ। बीमालेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा सामान्यतया बीमाङ्क रकमको २५ प्रतिशत रकम वा ५०,००० मध्ये जुन कम हुन्छ, सो रकम किरिया खर्च बापत बीमितको हकवालालाई भुक्तानी गरिनेछ ।